बैठक मितिः २०८०/१०/२३

बैठक सङ्ख्याः २३

छलफल तथा निर्णयः

१. उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको पत्रबाट रानी जमरा कुलरिया सिंचाइ आयोजनाको Lamki Extension Canal को मूल नहर निर्माण तथा सिंचित क्षेत्र विस्तारका लागि चालु आ.व. मा रू २ अर्ब ५७ करोड ७० लाख विनियोजना भएकोमा रु ४ अर्ब २८ करोड २४ लाख बराबरको बहुवर्षीय ठेक्का सहमति प्रदान तथा स्रोत सुनिश्चितताको लागि सचिवस्तरीय निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

२. उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट सिक्टा सिंचाइ आयोजना अन्तर्गत सिधनीया शाखा नहर विस्तार, सिंचित क्षेत्र बचाउ, सामाजिक सरोकार आयोजना र गुरुवा गाउँ शाखा नहर निर्माण कार्यका लागि चालु आ.व. मा रु. ७५ करोड बजेट विनियोजन भएको। सिधनीया शाखा नहर विस्तार, सिंचित क्षेत्र बचाउ, सामाजिक सरोकार आयोजनाको लागि रू. १ अर्ब तथा गुरुवा गाउँ शाखा नहर निर्माणको लागि रु ६३ करोड २१ लाख २७ हजार वराबरको बहुवर्षीय ठेक्का सहमति प्रदान तथा स्रोत सुनिश्चितताको लागि सचिवस्तरीय निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

३. उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट बबई सिंचाइ आयोजनाको पश्चिमी मूल नहर तथा शाखा/ उपशाखा/ प्रशाखा नहर निर्माण-नहर संरचना निर्माण तथा सिंचित क्षेत्र बचावट कार्यको लागि चालु आ.व. मा रु. ६३ करोड १ लाख बजेट विनियोजन भएको छ ।आयोजनाको लागि रू. १ अर्ब ३६ करोड ५२ लाख ६७ हजार वराबरको बहुवर्षीय ठेक्का सहमति प्रदान तथा स्रोत सुनिश्चितताको लागि सचिवस्तरीय निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

४. उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना, सिन्धुलीको लागि रू ४ अर्ब १४ करोड ६२ लाख विनियोजन भएकोमा रू. ९ अर्ब २९ करोड ८० लाख ५७ हजार वराबरको बहुवर्षीय ठेक्का सहमति प्रदान तथा स्रोत सुनिश्चितताको लागि सचिवस्तरीय निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट पुष्पलाल (मध्यपहाडी) राजमार्ग निर्देशनालय अन्तर्गत ठेक्का व्यवस्थापन हुन बाँकी रहेको सडक खण्ड तथा सडक पुलहरूको निर्माण कार्य गर्न रू १ अर्ब २२ करोड ७२ लाख रकम बराबरको बहुबर्षीय ठेक्का सहमति प्रदान तथा स्रोत सुनिश्चितत्तताको लागि मा. मन्त्रीस्तरीय (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय) निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

६. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट मदनभण्डारी राजमार्ग सितलपाटी-खलङ्गा-बालुवासङग्रही सडक खण्डको ४३.४३९ कि.मि. स्तरोन्नतिको लागि पहिलेको माग गरेको रकममा संशोधन गरी रू. २ अर्ब ७६ करोडको सट्टा रू. १ अर्ब ८० करोड रकम बराबरको बहुबर्षीय ठेक्का सहमति प्रदान तथा स्रोत सुनिश्चितत्तताको लागि मा. मन्त्रीस्तरीय (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय) निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट राजमार्ग स्तरोन्नति तथा पुनस्थापना कार्यक्रमको चन्द्रपुर-गौर सडकलाई चार लेनमा स्तरोन्नति गर्न चालु आ.व. मा रू ७५ करोड विनियोजन भएकोमा रू. ३ अर्ब रकम बराबरको बहुबर्षीय ठेक्का सहमति प्रदान तथा स्रोत सुनिश्चितत्तताको लागि मा. मन्त्रीस्तरीय (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय) निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

८. गृह मन्त्रालयबाट सशस्त्र प्रहरी बल नेपालको प्रधान कार्यालय परिसरमा निर्माण हुने कार्यालय सञ्चालन र कर्मचारी आवास प्रयोजनको नयाँ भवन निर्माण कार्यका लागि चालु आ.व. मा रू १९ करोड विनियोजन भएकोमा रु.७५,८९,९७,३२०।- रहेको बहुतले बहुउद्देश्यीय भवन निर्माणका लागि बहुबर्षीय ठेक्का कार्यान्वयन स्वीकृति/सहमतिका लागि सचिवस्तरीय निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

९. खानेपानी मन्त्रालयबाट अजिरकोट (१-५) बृहत् पम्पिङ् खानेपानी तथा सरसफाई आयोजना, गोरखाको लागि रू. ४ करोड विनियोजन रहेको एवं संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, लमजुङ्बाट कार्यान्वयन् हुने सो आयोजनाको कुल लागत अनुमान रू. ८६,८६,८०,४७८/१७ रहेको उक्त आयोजनाको लागि खानेपानी मन्त्रालयको सचिवस्तरीय निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

१०. खानेपानी मन्त्रालयबाट खानेपानी तथा ढल व्यवस्थापन आयोजना कैलालीबाट कार्यान्वयन हुने जलवायु अनुकुलित बृहत खानेपानी आयोजना तर्फको आदर्श साईलीगाड बृहतं खानेपानी आयोजना, डोटीको लागि चालु आ.व. मा रू १ करोड ५१ लाख २३ हजार विनियोजन भएकोमा रू ६१ करोड ८ लाख १६ हजार बराबरको बहुवर्षीय ठेक्का व्यवस्थापन गर्ने स्रोत सहमतिको लागि सचिवस्तरीय निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

११. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सचिवस्तरीय निर्णयबाट डडेल्धुरा जिल्लाको अमरगढी डकले वसपार्क निर्माण आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्न सिफारिश भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा आयोजना वर्गीकरणका आधार तथा मापदण्ड, २०८० को दफा १० बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने निर्णय गरियो।